जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७३ पृष्ठः ४ | २०८३ असार २४ बुधबार (Wednesday 08 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# निर्माण सम्पन्न अस्पताल र वडा कार्यालय सञ्चालन गर्न स्थानीयको माग



**जीवछ यादव**

लहान, २३ असार। सिरहाको भगवानपुर गाउँपालिका-४ मा निर्माण सम्पन्न भएको अस्पताल ( बर्थिङ सेन्टर) र वडा कार्यालय भवन सञ्चालनमा ल्याउन स्थानीयले माग गरेका छन्। एक बिघा सार्वजनिक पोखरी रहेको स्थानमा २०४९/५० सालतिर माटो भरेर बस बिसौनी निर्माण गर्ने योजना बनाइएको स्थानीय जगदीश यादवले बताउनुभयो। उहाँका अनुसार करिब पाँच वर्षअघि भगवानपुर गाउँपालिकाका तत्कालीन अध्यक्ष बेचन यादवको कार्यकालमा संघीय सरकारको तीन करोड ५० लाख रुपियाँ बजेटअन्तर्गत ६० प्रतिशत संघीय सरकार र ४० प्रतिशत स्थानीय सरकारको लगानीमा बर्थिङ सेन्टर (अस्पताल) र वडा नम्बर ४ को कार्यालय भवन निर्माण सुरु गरिएको थियो ।

निर्माण सम्पन्न भइसकेको उक्त भवन २०७९ सालको स्थानीय तह निर्वाचनपछि पनि सञ्चालनमा आउन सकेको छैन। स्थानीयका अनुसार नवनिर्मित भवन प्रयोगविहीन हुँदा जीर्ण बन्दै गएको छ। भवनका कोठामा फोहोर थुप्रिएको, वर्षाको समयमा पानी जम्ने तथा सरसफाइको अभाव देखिएको स्थानीयले बताएका छन्। स्थानीय अवकाशप्राप्त शिक्षक डोमी पासवानले गाउँपालिका अध्यक्ष परिवर्तन हुँदैमा विकासका काम रोकिनु दुःखद भएको बताउनुभयो। उहाँले भन्नुभयो, "भवन तयार छ तर सेवा सञ्चालन हुन सकेको छैन। यसले स्थानीयलाई समस्या भएको छ।"

भगवानपुर गाउँपालिका-४ का वडाध्यक्ष रामकुमार यादवले वडा कार्यालय र अस्पताल सञ्चालनका लागि गाउँपालिका अध्यक्षसँग पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको आरोप लगाउनुभयो। उहाँले आफू फरक दलबाट निर्वाचित भएकाले बेवास्ता गरिएको दाबी गर्नुभयो। "अस्पताल र वडा कार्यालयका लागि व्यवस्थित भवन हुँदाहुँदै ठाडी बजारमा कोठा भाडामा लिएर सेवा सञ्चालन गर्नुपरेको छ। झ्याल, ढोका र रङरोगनलगायतका सामान्य काम

# सिरहाबाट वन अधिकृत घुससहित पक्राउ

## अख्तियारले सब डिभिजन वन कार्यालय बन्दिपुरका प्रमुख रामकेवल राय यादवलाई घुससहित पक्राउ गरेको हो ।

**विनय आजाद**

सिरहा, २३ असार। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासले सिरहाबाट एक वन अधिकृतलाई घुस रकमसहित पक्राउ गरेको छ। अख्तियारले सब डिभिजन वन कार्यालय बन्दिपुरका प्रमुख रामकेवल राय यादवलाई घुससहित पक्राउ गरेको हो। यादवलाई १२ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा कर्जन्हा नगरपालिका- ४ बाट रंगेहात पक्राउ गरिएको अख्तियारले जनाएको छ। यादवले कर्जन्हा-२ मा रहेको एक काठ उद्योगका सञ्चालकसँग तीन ट्रक काठ विभिन्न स्थानबाट ल्याएबापत प्रतिट्रक चार हजारका दरले घुस मागेका थिए।

यस विषयमा सेवाग्राहीले उजुरी गरेपछि अख्तियारले आवश्यक अन्य प्रमाणहरू संकलन गर्दै मंगलबार घुस रकमसहित वन अधिकृत यादवलाई पक्राउ गरेको हो। अहिले अख्तियारको टोली घटनास्थलमै रहेको र मुचुल्कालगायतका काम भइरहेको बर्दिबासस्थित अख्तियारका प्रवक्ता प्रकाश पोखरेलले जानकारी दिए।

'हाम्रो टोलीले वन अधिकृतलाई नियन्त्रणमा लिइसकेर अहिले मुचुल्कालगायतका कानूनी प्रक्रियाहरू पूरा गर्ने काम गरिरहेको छ,' उनले कान्तिपुरसित भने, 'ती काम भइसकेपछि बर्दिबास ल्याउँछौं।'

# बजेट सक्ने मेसो : बदलिए सरकार, बदलिएन विकासको प्रवृत्ति

**सुरेश राय**

सिरहा, २३ असार। सरकार फेरिए, विकास र सुशासनका नयाँ प्रतिबद्धता पनि आए। तर 'असारे विकास'को प्रवृत्ति भने फेरिएको छैन। यस वर्ष पनि सिरहामा विकास गर्ने पुरानै शैली पुनरावृत्ति भएको छ। आर्थिक वर्ष २०८२/०८३ सकिन केही दिन मात्र बाँकी रहँदा जिल्लाका विभिन्न स्थानीय तहमा रातारात सडक तथा नाला ढलान, मन्दिर तथा पोखरी सौन्दर्यीकरण जस्ता विकास निर्माणका काम भइरहेका छन्।



यस्ता काम कुन निकायबाट भएको हो, कुनै सूचना वा जानकारी निर्माणस्थलमा राखेको पाइँदैन। अधिकांश योजनास्थलमा अनिवार्य रूपमा राखिनुपर्ने सूचनापाटी छैन। जसका कारण योजना कसको हो, कति बजेटको हो, कसले निर्माण गरिरहेको छ र काम सम्पन्न गर्ने अवधि कति हो भन्ने सामान्य जानकारीसमेत स्थानीयले पाउन सकेका छैनन्। जसका कारण विकास निर्माणको पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको करिब २० लाख रुपैयाँ लागतमा गोलबजार नगरपालिका-११ बल्कवास्थित रेडक्रस क्षेत्रमा निर्माणाधीन १०६ मिटर सडक आरसीसी शनिबार ढलान राति करिब १२ बजे गरियो। स्थानीयका अनुसार रातिको समयमा हतार-हतार गरिएको ढलानमा आवश्यक रड जालीसमेत प्रयोग गरिएको छैन।

स्थानीय शेख खानले आफ्नै घर अगाडि ढलान भइरहेको भए पनि उपभोक्ता समिति, बजेट वा योजनाबारे कुनै जानकारी नभएको बताए। वडाध्यक्षको आग्रहमा निर्माणका लागि पानी उपलब्ध गराएको भए पनि योजनासम्बन्धी विवरण आफूलाई थाहा नभएको उनको भनाइ छ। अर्का स्थानीय नसिम शेखका अनुसार सडकको घुमाउरो भाग केही फराकिलो बनाउन सुझाव दिएपछि त्यसअनुसार

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## असारे विकास कि दिगो पूर्वाधार?

ग्रामीण सडक केवल आवागमनको माध्यम मात्र होइन, स्थानीय अर्थतन्त्र, शिक्षा, स्वास्थ्य सेवा र समग्र विकासको आधार पनि हो। त्यसैले सडक निर्माणमा खर्च हुने प्रत्येक सार्वजनिक रकमको प्रतिफल नागरिकले गुणस्तरीय पूर्वाधारका रूपमा पाउनुपर्छ। तर सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका–६ अन्तर्गत सितापुर–पथडगाडा ग्राभेल सडक निर्माणको विषयले फेरि एकपटक हाम्रो विकास निर्माणको पुरानै प्रवृत्तिलाई उजागर गरेको छ।

स्थानीयवासीले सामान्य वर्षा हुनासाथ सडक हिलाम्मे भएको, ग्राभेलमा अत्यधिक माटो मिसाइएको, रोलर नचलाइएको तथा सडक सम्याउने कामसमेत मापदण्डअनुसार नभएको गुनासो गरेका छन्। यदि यी आरोप सत्य हुन् भने यो केवल एउटा सडकको समस्या होइन, सार्वजनिक स्रोत–साधनको दुरुपयोग र विकासप्रतिको गैरजिम्मेवारीको गम्भीर उदाहरण हो। करोडौं होइन, लाखौँ रुपैयाँ खर्चिएर पनि केही दिनमै सडकको अवस्था बिग्रनु स्वीकार्य हुन सक्दैन।

नेपालमा हरेक वर्ष असार लाग्नासाथ विकास निर्माणको चटारो बढ्ने गरेको दृश्य नयाँ होइन। आर्थिक वर्ष सकिनुअघि बजेट सक्ने हतारमा गुणस्तरभन्दा खर्चलाई प्राथमिकता दिने प्रवृत्ति अझै हट्न सकेको छैन। वर्षायाममा ग्राभेल हाल्ने, पर्याप्त प्राविधिक परीक्षण नगर्ने र निगरानी कमजोर हुने समस्या धेरै ठाउँमा दोहोरिने गरेका छन्। परिणामस्वरूप केही समयमै सडक भत्किन्छ, फेरि मर्मतका नाममा थप बजेट खर्च हुन्छ र अन्ततः राज्यको स्रोत दोहोरो नोक्सानीमा पर्छ।

सडक निर्माणमा प्राविधिक मापदण्ड पालना गर्नु निर्माण कम्पनीको दायित्व हो भने त्यसको प्रभावकारी अनुगमन गर्नु सम्बन्धित सरकारी निकायको जिम्मेवारी हो। निर्माण सम्पन्न भएपछि मात्र होइन, निर्माण भइरहेका बेला नै नियमित निरीक्षण, गुणस्तर परीक्षण र आवश्यक निर्देशन दिनुपर्ने हुन्छ। यदि अनियमितता भएको प्रमाणित हुन्छ भने जिम्मेवार निर्माण कम्पनीमाथि कानुनी कारबाही हुनुका साथै क्षतिपूर्ति दिलाउने व्यवस्था पनि लागू गरिनुपर्छ। अन्यथा यस्ता घटनाले इमानदार निर्माण व्यवसायीलाई समेत निरुत्साहित गर्नेछ।

स्थानीय जनप्रतिनिधि र नागरिकले उठाएका प्रश्नलाई राजनीतिक आरोप–प्रत्यारोपका रूपमा मात्र हेर्नु उचित हुँदैन। सार्वजनिक योजनामा स्थानीयको प्रत्यक्ष चासो र निगरानी लोकतान्त्रिक शासनको महत्वपूर्ण पक्ष हो। उनीहरूको गुनासोलाई समयमै सम्बोधन गर्नु सम्बन्धित निकायको कर्तव्य हो। यदि काम गुणस्तरीय छ भने त्यसको प्राविधिक प्रमाण सार्वजनिक गरिनुपर्छ, र यदि कमजोरी छ भने तत्काल सुधार गरिनुपर्छ।

यो सडक केवल दुई हजार सात सय मिटरको भौतिक संरचना होइनन्न यसले स्थानीय बासिन्दाको दैनिक जीवन, कृषि उत्पादनको ढुवानी, विद्यार्थीको विद्यालय यात्रा र बिरामीको उपचार पहुँचसँग प्रत्यक्ष सम्बन्ध राख्छ। त्यसैले यसको गुणस्तरमा कुनै सम्झौता हुन सक्दैन। अझ भविष्यमा यस सडकलाई भारतीय सीमासम्म जोड्ने दीर्घकालीन योजनासमेत रहेकाले अहिलेको निर्माणले भविष्यको पूर्वाधार विकासको आधार तयार गर्नुपर्ने हुन्छ।

विकासको सफलता बजेट खर्चको प्रतिशतले होइन, निर्माणको दिगोपन र नागरिकको सन्तुष्टिले मापन गरिन्छ। त्यसैले सिरहाको यो सडक निर्माणबारे उठेका प्रश्नको निष्पक्ष प्राविधिक छानबिन गरी सत्य सार्वजनिक गरिनुपर्छ। दोषीलाई कानुनी दायरामा ल्याउने र गुणस्तरीय निर्माण सुनिश्चित गर्ने स्पष्ट सन्देश दिन सकियो भने मात्र सार्वजनिक विकासप्रति नागरिकको विश्वास बलियो हुनेछ। अन्यथा असारे विकासको पुरानो संस्कृतिले विकासका नाममा जनताको आशा र राज्यको लगानी दुवैलाई निरन्तर हानी पुऱ्याइरहनेछ।

**छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।**

**छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।**

# ऐतिहासिक षड्यन्त्रको पासोमा रैथाने शिल्पी समुदाय

**डीबी नेपाली "दमू"**

नेपाल, भारतका वर्तमानमा अनुसूचित जाति तथा कथित दलित भनेर चिनिने शिल्पी समुदायहरूको प्रश्न केवल सामाजिक विभेदको प्रश्न मात्र होइन। यो इतिहास, सभ्यता, पहिचान, संस्कृति, भूमि र अस्तित्वसँग जोडिएको गम्भीर प्रश्न पनि हो। मानवशास्त्रीय, समाजशास्त्रीय तथा नृवंश शास्त्रीय दृष्टिले हेर्दा यी समुदायहरूको वर्तमान अवस्थालाई केवल गरिबी, पिछडापन वा सामाजिक बहिष्करणको परिणामका रूपमा बुझ्न पर्याप्त हुँदैन। उनीहरूको विगत, सामुदायिक श्रुतिस्मृति, मौखिक इतिहास, सांस्कृतिक निरन्तरता र सभ्यतागत योगदानलाई समेत समान रूपमा अध्ययन गर्नु आवश्यक हुन्छ।

विश्वका धेरै आदिवासी तथा मूलवासी समुदायहरूको इतिहास शासकीय अभिलेखमा भन्दा लोकस्मृति, भूगोल, किंवदन्ती, वंशपरम्परा, स्थाननाम, गीत, संस्कार, सांस्कृतिक अभ्यासहरू र पुरातात्त्विक प्रमाणहरूमा सुरक्षित रहेको पाइन्छ। विजेताहरूले इतिहास लेख्ने र पराजित वा सीमान्तकृत समुदायहरूका अनुभवहरू इतिहासको किनारामा धकेलिने प्रक्रिया विश्वव्यापी समस्या नै हो। नेपाल, भारतका शिल्पी समुदायहरूको इतिहास पनि धेरै हदसम्म यस्तै अवस्थाबाट गुज्रिएको छ। यस्तो हुनसक्ने सम्भावनाहरूप्रति समुदायले राज्यमाथि लामो समयदेखि प्रश्न उठ्दै आएको छ।

समुदायभित्र जीवित वैकल्पिक इतिहास दृष्टिअनुसार वर्तमानमा अनुसूचित जाति वा कथित दलित भनेर चिनिने धेरै आदिमवासी समुदायहरू भारतीय उपमहाद्धीपका प्राचीन आदिमवासी समूहका उत्तराधिकारीहरु हुन्। उनीहरु आफूलाई गैरआर्य द्रविड, नागवंशी तथा केही किराँत नश्लसँग मिश्रित महाजातीय समुदायका रूपमा बुझ्छन्। यही दृष्टिकोणले सिन्धुघाँटी सभ्यताको निर्माण, धातु–प्रविधि, शिल्प–हस्तकला, निर्माणकला र उत्पादन प्रणालीमा यिनै समुदायहरूको महत्त्वपूर्ण भूमिका रहेको दाबी गर्दछ। यद्यपि, यस्ता दाबीहरू थप अनुसन्धानका विषय हुन्। तर समुदायको सामूहिक स्मृतिमा यिनको बलियो उपस्थिति रहेको तथ्यलाई अस्वीकार गर्न सकिँदैन।

विभिन्न ऐतिहासिक तथ्यप्रमाण, अभिलेख, भौगोलिक साक्ष्यले र समुदायको बुझाइमा भारतीय उपमहाद्धीपमा बाह्य समूहहरूको आगमनसँगै शक्ति सन्तुलनमा व्यापक परिवर्तन आयो। प्रारम्भमा वर्ण, रंग वा सांस्कृतिक भिन्नतामा आधारित विभेद बिस्तारै श्रम, श्रमिक र जातीय विभेदमा रूपान्तरण भयो। फलस्वरुप उत्पादन, निर्माण, धातुकला, छालाशिल्प, वाद्य निर्माण र अन्य जीवनोपयोगी सीपसँग सम्बन्धित समुदायहरू क्रमशः सामाजिक रूपमा सीमान्तकृत हुँदै गए। यही प्रक्रियाबाट शूद्र, अछुत र अन्ततः अपमानित र घृणित कथित दलितको रूपमा चिनिएको समुदायको दाबी छ। यस दृष्टिले हेर्दा आजको दलित परिचय उनीहरूको आदिमवासी पुर्ख्यौली मूल पहिचान होइन। बरु इतिहासको लामो कालखण्डमा विकसित राजनीतिक, धार्मिक र सामाजिक शक्ति सम्बन्धको परिणाम हो।

यदि इतिहासलाई केवल सत्ता र दरबारको इतिहासका रूपमा मात्र हेरियो भने समाज निर्माण गर्ने ऐतिहासिक श्रमजीवी समुदायहरूको योगदान अदृश्य हुन्छ। तर सभ्यातको निर्माणमा शिल्प, श्रम र उत्पादनको भूमिका केन्द्रीय हुन्छ। विभिन्न वस्तु र धातुका खानी उत्खनन, घरमहल निर्माण गर्ने, कृषि औजार बनाउने, धातु गलाउने, वाद्य निर्माण गर्ने, वस्त्र र छालाका सामग्री उत्पादन गर्ने समुदायहरूको आनुवंशिक ज्ञान प्रणालीबिना कुनै सभ्यता निर्माण सम्भव हुँदैन। विडम्बना के छ भने सभ्यता निर्माण गर्ने तिनै हातहरू इतिहासका पानाबाट हराउँदै गए। तर शासन गर्नेहरूको नाम भने इतिहासमा सुरक्षित रह्यो।

समुदायभित्र प्रचलित ऐतिहासिक श्रुतिस्मृति, मौखिक लोकपरम्परा र भौगोलिक तथ्यहरूले भारतका महार, चँवर, सँबर, चौंबर, पासी, दुसाध, डोम तथा अन्य समुदायहरूको प्राचीन उपस्थिति र राजनीतिक भूमिकाको चर्चा गर्छन्। महाराष्ट्रलाई महार समुदायको आदिभूमिसँग, सौराष्ट्रलाई चमार वा सार्की समुदायसँग, लखनउलाई सम्राट् लखन पासीसँग र धातुका टक चलाउने परम्परालाई लोहार (लुवार) राजवंशसँग जोड्ने वैकल्पिक व्याख्याहरू समुदायभित्र पाइन्छन्। यस्ता कथनहरू शैक्षिक अनुसन्धानका विषय हुन् सक्छन्। साथै, ती समुदायको ऐतिहासिक चेतनाको महत्त्वपूर्ण अंश हुन्। समुदायका लागि यी केवल कथा होइनन्, आफ्नो गुमाइएको इतिहास खोज्ने ठोस आधार, पुर्ख्यौली पदचाप एवम् संकेतहरू हुन्।

नेपालका सन्दर्भमा पनि यस्ता स्मृतिहरू प्रशस्त भेटिन्छन्। तराई क्षेत्रमा ७औँ देखि १३औँ शताब्दीको बिचमा राजा सहलेश (दुसाध/पासवान) ले मैसोथागढ (हालको सिरहा) लाई केन्द्र बनाएर शासन गरेको थिए। जो तराईवासी र भूमिपुत्र दुबैका लागि पूज्य छन्। तराईमा डोम समुदायले बाँसको चोयाबाट ढकिया नबुनीकन छठ पर्व पूरा हुँदैन। त्यसैगरी मुसहर समुदायलाई परम्परागत भूमिको औषधी विज्ञानको विशिष्ट ज्ञाता मानिन्छ।

त्यसैगरी मिथिलका डोम र चमार राजवंशको राजकाजको गाथा आजसम्म समुदायमा जीवित छन्। इटलिका नागरिक कापुचिन पादरी कास्सिआनो १७३९–१७५४ ई. भित्र पटक–पटक नेपाल भ्रमण गरेर सिम्रौनगढको पर्खालको बारेमा उनको रिपोर्टमा उल्लेख गरेको पाइन्छ। उनकानुसार (चर्मनगढ, चिमनगढ हुँदै) सिम्रौनगढका चक्रव्यूहाकार चित्र भक्तपुर दरबार क्षेत्रमा थियो, जसको प्रकाशन उनले इटलीका पत्रिकामा गरेका थिए (बहुभाषिक सयपत्री, वर्ष–४,२०५५ : १४९)। डा.नवल वियोगीका अनुसार भारतका अनुसूचित जाति, नेपालका रैथाने शिल्पी समुदाय मूलतः द्रविड र नागपाल वंशका हुन्। सार्की राजाहरुले सर्वप्रथम छालाका मुद्रा निर्माण गरेर समाजमा मुद्राको शुरुवात् गरेको इतिहास पाइन्छ।

विशेषगरी तराई, सुदूरपश्चिम, कर्नाली, भेरी क्षेत्रका शिल्पी समुदायहरू आफूलाई त्यस भूगोलको आदिम शिल्प (मानव) सभ्यताको विकासकर्ता मान्छन्। त्यसैगरी कर्नाली, भेरी नामकरण, सभ्यता विकास, भूमि र सांस्कृतिक विकासँग जोडेर हेर्छन्। उनीरुको तर्क छ कि खस, बाहुनहरुको ठुलो आगमन हुनुअघि तराई, सुदुरपश्चिम, कर्नाली, भेरी क्षेत्रमा यिनै आदिमवासी शिल्पी समुदायहरूको लामो शासनसत्ता, राजनीतिक र सांस्कृतिक उपस्थिति बलियो थियो। यो तथ्य तराई, सुदूरपश्चिम र कर्नाली, भेरी क्षेत्रको थात्थलोमा त्यहाँ रहेका विभिन्न गढी, कोट र किल्लाहरुबाट प्रमाणित हुन्छ।

यसको भौगोलिक तथ्यप्रमाणका रूपमा त्यस क्षेत्रका स्थाननामहरुमा उल्लेखनीय मानिन्छ। जस्तै कालिकोटको लुहारकोट, जुम्लाको सुनार गाउँ, बझाङको सुनिकोट, डुम्राकोट, सुनिगाड, खाँडाचक्रलगायतका स्थानहरू समुदायको स्मृतिमा आज पनि ऐतिहासिक प्रतीकका रूपमा रहेका छन्। समुदायको प्रश्न छ– यदि यी समुदायहरू सधैँ सीमान्तकृत मात्र थिए भने उनीहरूका नामका यति धेरै कोट, किल्ला, गढी र भूगोल किन बने ? किन विभिन्न जिल्लाहरूमा ३ देखि ४ वटासम्म समुदायगत नाम बोकेका ऐतिहासिक स्थलहरू भेटिन्छन्।

स्थानीयका अनुसार कालिकोटको लुहारकोटमा शान्ति र देवराज लुहारलगायतले राजकाज गरेका थिए। खाँडाचक्रलाई लुहार राजाहरुले विशेष अवसरमा खाँडा चक्राकार घुमाउने परम्परासँग जोडेर व्याख्या गरिन्छ। त्यस्तै पूर्णप्रकाश नेपाल यात्रीले जुम्लाको सुवर्णनगर (सुनार) लाई राजा देशददेवसँग र बझाङको सुनिकोटलाई कालु सुनेल (सुनार) सँग सम्बन्धित रहेको डा. सूर्यमणि अधिकारीले बाइसे राज्यको इतिहासमा उल्लेख गरेका छन्। भियालकोट र सुनारकोट (सार्की र सुनार), मुगु, भुलकोट (सार्की/भुल), बागलुङ/बझाङ, डुम वा डोमराजाकोट (डोम, डुम), सुर्खेत र डोटी (उदुम्बरपुरी), तिरुवाकोट, रुचालकोट र समुद्रपालगढी (कामी र सार्की), हुम्ला, पुर्कोट (सार्की), तनहुँमा रहेको छ।

चमार (सार्की) वंशीय राजाहरूले लामो समय शासन गरेको कुरा के.पी. संखवारद्वारा लिखित 'शुद्रों का खोजपूर्ण इतिहास अर्थात् सच्चा भारतका इतिहास' मा उल्लेख गरेका छन्। उनका अनुसार चमार/सार्की राजा सारङ्देव (सार्कीदेव) ले एघारौँ शताब्दीतिर उत्तरी भारतदेखि र नेपालको सारङ्कोट, कास्कीसम्म शासन गरेको उल्लेख छ। त्यसैगरी दर्नाकोट र बादीकोट (दमाईं र बादी), अछाम, प्यूठान, कुमालीकोट र गन्धर्वकोट (बादी र गन्धर्व), डोटी र बागलुङ (गलकोट)। विशेषगरी तराई, मध्य नेपाल, सुदूरपश्चिम, कर्नाली र भेरी क्षेत्रमा यी समुदायको राजकाज र शासनसत्ताको केन्द्रको रूपमा रहेको देखिन्छ।

यसले ऐतिहासिक राज्यसत्ताको महत्त्व, राजकीय प्रमाण, शासन र प्रशासनिक अस्तित्वको केन्द्र, प्रभुत्व र खानी उत्खनन्, प्राचीन थात्थलो, सुरक्षात्मक सामरिक किल्ला, कलासंस्कृति, कलात्मक र साङ्गीतिक संवाहकहरुको केन्द्रको रूपमा चर्चित रहेको इतिहास गुमनाम छ। बझाङमा प्रचलित एक भनाइ छ, 'कोटहरुमध्येको जेठो डुम्राकोट, मष्टहरुमध्येको जेठो ढँढार मष्ट।' यसलाई समुदायको आदिपना, प्राचीनताको उपस्थिति र सांस्कृतिक स्मृतिको अभिव्यक्तिका रूपमा लिइन्छ। समुदायको अर्को महत्त्वपूर्ण प्रश्न इतिहास लेखनसँग सम्बन्धित छ। उनीहरूको धारणा छ कि सुदूरपश्चिम, कर्नाली, भेरी र तराई क्षेत्रको शिल्प (मानव) सभ्यताको इतिहासमाथि पर्याप्त अनुसन्धान भएकै छैन। बरु छोटो अवधिको राज्य विरासतलाई सभ्यताको रूपमा स्थापित गरियो।

जबकि दीर्घकालीन रैथाने समुदायको इतिहासलाई छायामा पारियो। पूर्ण प्रकाश नेपाल यात्रीले सिञ्जाको ऐतिहासिक रुपरेखा पुस्तकमा करिब तीनसय वर्षको शासन अवधिलाई आधार मानेर 'खस सभ्यता' भन्नसम्म सकिने उल्लेख गरेका छन्। समुदायभित्र भने प्रश्न उठ्छ– यदि कुनै समुदायको बलियो उपस्थिति वा शासन शताब्दियौं पुरानो थियो भने त्यसको अध्ययन किन भएन ? इतिहासकार डा. सुरेन्द्र केसीले पाँचौं, छैंटौं शताब्दीमा कुमाउँ, गढवाल र अछामहुँदै खस समूहहरुको प्रवेशको चर्चा गरेका छन्। समुदायभित्र प्रचलित वैकल्पिक दृष्टिकोणले यही प्रक्रियापछि रैथाने शिल्पी समुदायहरु क्रमशः राजनीतिक रूपमा विस्थापित भएको तर्क गर्दछ। उनीहरूका अनुसार यही विस्थापनको परिणामस्वरुप शिल्पी समुदायहरुको स्थानान्तरण गण्डकी, लुम्बिनी, बागमती, कोशी हुँदै पूर्वी नेपाल, दार्जिलिङ, सिक्किम, आसाम र भूटानसम्म विस्तार भएका हुन्। अस्तित्वको प्रश्नसँगै सांस्कृतिक स्वामित्वको प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण बनेको छ।

दमाहा, ढोलकी, हुडके, छलियालगायत नाच, पञ्चैबाजा, धातुकला, वाद्य निर्माण तथा विविध

**–बाँकी तीन पेजमा**

*ऐतिहासिक...*

शिल्प परम्पराहरूलाई लिएर स्वामित्व र पहिचानको बहस तीव्र बन्दै गएको छ। कुनै पनि जाति, समुदायको संस्कृति सबैले प्रयोग र साझा गर्न सक्छन्। तर, त्यसको मूल वा उत्पत्तिकर्ता र संवाहक समुदायलाई विस्थापित गरेर पहिचान मेटाएर श्रेयहरण गर्नु सांस्कृतिक अपहरण र नरसंहार नै हो। यूनेस्कोकानुसार– 'जसको संस्कृति, उसको पहिलो अधिकार' भन्ने अवधारणाले यही नैतिक आधार एवंम् भावलाई बल प्रदान गर्दछ।

आज अर्को बहस आदिवासीपनको परिभाषासँग सम्बन्धित छ। संयुक्त राष्ट्रसंघले आदिवासी पहिचानका लागि केही अन्तर्राष्ट्रिय मापदण्ड प्रस्ताव गरेको छ। तर रैथाने शिल्पी समुदायका केही चिन्तकहरुको तर्क छ कि दक्षिण एशियाको सन्दर्भमा आदिम शिल्प–ज्ञान, जल, जमिन, जंगलसँगको ऐतिहासिक सम्बन्ध, सभ्यता निर्माणमा योगदान, भूमिपुत्रको निरन्तरता र सांस्कृतिक स्मृतिलाई पनि महत्त्वपूर्ण आधारका रूपमा लिनुपर्छ। उनीहरुकानुसार सबै आदिमवासी समुदायहरु अनिवार्य रूपमा सँधै शासित मात्र थिए भन्ने मान्यता दक्षिण एशियाको जटिल ऐतिहासिक यथार्थसँग मेल नखान सक्छ।

यसै क्रममा जाति र वर्गको बहस पनि महत्त्वपूर्ण हुन्छ। कार्ल मार्क्सले मुख्यतः वर्गीय सम्बन्धका आधारमा समाजको विश्लेषण गरे। तर दक्षिण एशियाली समाजमा जातीय विभेदले आर्थिक, सामाजिक र राजनीतिक अवसरहरुको वितरणलाई गहिरो रूपमा प्रभावित गरेको छ। यही कारणले विश्वगुरु बुद्ध र युगनायक डा. भीमराव अम्बेडकरले सामाजिक अन्यायको मूल संरचनामा जातीय विभेदलाई विशेष महत्त्व दिएका थिए। यस दृष्टिले दक्षिण एशियाको सामाजिक यथार्थलाई केवल वर्गीय कोणबाट मात्र सामाजिक अन्यायको मूल संरचनामा जातीय विभेदलाई विशेष महत्त्व दिएका थिए। यसकारण दक्षिण एशियाको जाति, इतिहास र पहिचानको सामाजिक यथार्थलाई केवल वर्गीय कोणबाट मात्र सीमित गरेर बुझ्न सकिँदैन।

यद्यपि समुदायको सबैभन्दा ठूलो चुनौती बाह्य उत्पीडनबाट मात्र आएको छैन। आफ्नै इतिहासप्रतिको उदासीनता, मौखिक श्रुतिस्मृतिको इतिहास अभिलेखीकरण नगर्नु, स्थाननामको अध्ययन नगरिनु, पुरातात्त्विक सम्भावनाप्रति बेवास्ता, सांस्कृतिक सम्पदाको संरक्षणमा कमजोरी र आत्महीनताको मानसिकताले ठूलो क्षति पुर्‍याएको छ। यसका अतिरिक्त गहिरो खोज–अनुसन्धानको अभाव, समुदायमा एकता, सहकार्य, सहयोग र सामूहिक भावनाको कमी र नयाँ पुस्तामा ऐतिहासिक चेतना हस्तान्तरणको काम अझै व्यवस्थित रूपमा हुन सकेको छैन। भनिन्छ, 'इतिहास केवल अरुले मात्र मेटाउँदैन, कहिलेकाँही उत्तराधिकारीहरुले बिर्सेर पनि हराउँछ।'

त्यसैले आजको आवश्यकता केवल गौरवशाली अतीतको भावनात्मक पुनरावृत्ति होइन। आवश्यकता अनुसन्धानको हो। आजको तथ्य, प्रमाण, पुरातत्त्व, मौखिक इतिहास, भूगोल र सांस्कृतिक स्मृतिलाई जोडेर नयाँ ढंगले इतिहास पढ्ने हो। कालीकोटको लुहारकोट, जुम्लाको सुनार गाउँ, बझाङको सुनिकोट, डुम्राकोट, सुनिगाड तथा कर्नाली, भेरी र तराईका असंख्य ऐतिहासिक स्थलहरुको व्यवस्थित अध्ययन हुन सकेमा पर्यटन प्रवर्द्धन, नयाँ तथ्यहरू उजागर हुन सक्ने सम्भावना अझै बाँकी छ।

निष्कर्षः

आदिमवासी शिल्पी समुदायहरुको प्रश्न अन्ततः केवल अतीतको प्रश्न होइन, यो वर्तमान र भविष्यको प्रश्न पनि हो। यदि कुनै समुदायको इतिहास, संस्कृति, शिल्प–ज्ञान, भूमि र सामूहिक स्मृति क्रमशः हराउँदै गयो भने त्यससँगै उसको आत्मविश्वास, आत्मसम्मान र भविष्य निर्माणको आधार पनि कमजोर हुँदै जान्छ। आजको आवश्यकत कुनै समुदायलाई अरुभन्दा माथि वा तल साबित गर्नु होइन। आवश्यकता इतिहासको छायामा परेका आवाजहरूलाई सुनिनु हो। आदिमवासी शिल्पी समुदायको मौखिक इतिहास, स्थाननाम, सांस्कृतिक स्मृति, शिल्प–ज्ञान र सभ्यतागत योगदानमाथि निष्पक्ष अनुसन्धान हुनु आवश्यक छ। यदि समुदायका दाबीहरूमा ऐतिहासिक अंश छन् भने ती सार्वजनिक हुनुपर्छ।

यदि भ्रम छन् भने वैज्ञानिक अनुसन्धानले त्यसलाई स्पष्ट गर्नुपर्छ। तर, अनुसन्धान नगरी इतिहासलाई अस्वीकार गर्नु पनि ज्ञानको पक्षमा हुँदैन। साथै सम्बद्ध समुदायले पनि आत्मालोचना गर्न आवश्यक छ। आफ्ना सांस्कृतिक सम्पदाहरू जोगाउने, मौखिक इतिहासहरु अभिलेखीकरण गर्ने, नयाँ पुस्तालाई ऐतिहासिक चेतना हस्तान्तरण गर्ने र अनुसन्धानलाई प्रोत्साहन गर्ने जिम्मेवारी समुदायकै काँधमा छ। केवल पीडाको स्मृतिले भविष्य निर्माण हुँदैन, ज्ञान, संगठन, अनुसन्धान र साँस्कतिक पुर्नजागरणले मात्र भविष्य निर्माण गर्न सक्छ।

हुड्के, छलिया नाच, पञ्चैबाजा, धातुकला, वाद्य निर्माण, छालाशिल्प तथा मौलिक ज्ञान प्रणालीहरु केवल साँस्कृतिक सम्पदा मात्र होइनन्। ती समुदायको सामूहिक आत्मा, स्मृति र पहिचानका जीवित अभिव्यक्तिहरु हुन्। तिनको उचित संरक्षण, सुरक्षा, विकास र पुस्तान्तरणबिना समुदायको दीर्घकालीन अस्तित्व, इतिहास र पहिचान सुरक्षित रहन सक्दैन। अन्ततः प्रश्न आज पनि उही छ, आफनो इतिहासबाट विमुख बनाइएको समुदाय आखिर कहिले आफ्नै जरा खोज्न फर्किन्छ ? आफ्ना पुर्खाले निर्माण गरेका सभ्यता, शिल्प–ज्ञान र सांस्कृतिक धरोहरलाई कहिले कहिले पुनः चिन्ने ? इतिहासको पुर्नपाठ, सांस्कृतिक पुर्नजागरण, आत्मसम्मान र शैक्षिक जागरणको बाटो समातेर मात्र समुदायले आफ्नो वास्तविक स्थान पुनः प्राप्त गर्नसक्छ। आखिर कुम्भकर्णे निद्रामा परेको सामूहिक चेतना कहिले ब्यूँझिने ? भन्ने प्रश्नको उत्तर पनि यहीँ लुकेको छ।

सायद त्यस दिन, जब समुदायले अरुले थोपरेको परिचयभन्दा आफ्नो ऐतिहासिक अस्तित्व खोज्न थाल्नेछ। जब हीनताभन्दा आत्मसम्मान रोज्नेछ, जब भावनालाई अनुसन्धानसँग, स्मृतिलाई प्रमाणसँग र गौरवलाई ज्ञानसँग जोड्नेछ। त्यही दिन आदिमवासी शिल्पी समुदायको वास्तविक पुनर्जागरणको सुरुवात हुनेछ। त्यही दिन इतिहासको किनारामा धकेलिएका आवाजहरु इतिहासको केन्द्रमा सुन्न थालिनेछन्। र, सम्भवतः त्यही दिन आजसम्म षड्यन्त्रको जालोमा अल्झाइएका समुदायहरूले आफ्नो वास्तविक ऐतिहासिक धरातल पुनः भेट्टाउनेछन्। रातोपाटीबाट

*बजेट सक्ने मेसो ...*

काम गरिएको भए पनि मध्यरातमा ढलान गर्नुको कारणबारे अनविज्ञता प्रकट गरे। 'दिनभर काम गर्न सकिने अवस्थामा राति किन ढलान गरियो भन्ने बुझ्न सकेका छैनौं', उनले भने।

यता, वडा नम्बर ११ का अध्यक्ष सोहेब अनवरले घुमाउरो भागमा रड र जालीबिनाको ढलान गरिएको स्वीकार गरे। उनले फराकिलो बनाउनुपर्ने भएकाले उक्त स्थानमा मात्रै रड प्रयोग नगरिएको र अन्य भागमा भने मापदण्डअनुसार काम भइरहेको दाबी गरे। गोलबजार नगरपालिका–४ मा पनि आर्थिक वर्ष सकिनुअघि बजेट खर्च गर्न हतार गरिएको भन्दै स्थानीयले आलोचना गरेका छन्। मधेश प्रदेश सरकार योजना अन्तर्गत क्याम्पस रोडदेखि लम्बोदर दाहालको घरसम्म १२० मिटर नाला ढलानसमेत रातिको समयमा गरिएको स्थानीयको भनाइ छ।

सोही वडाको गौतम होटलदेखि भित्री सडकमा वडास्तरीय योजनाअन्तर्गत आवश्यक कार्यादेश र प्राविधिक स्वीकृतिबिनै निर्माण भइरहेको आरोप पनि लागेको छ। वडाध्यक्ष सकलदेव यादवले वडाभरि सडक मर्मत–सम्भार तथा स्तरोन्नतिका लागि १० लाख रुपैयाँ विनियोजन गरिएको र कोटेसनमार्फत काम भइरहेको बताए। तर कोटेसन कसलाई दिइएको भन्ने विषयमा नगरपालिकाबाट जानकारी लिन आग्रह गरे।

नगरपालिकाका सब इन्जिनियर श्रीराम साहले भने उक्त सडकमा भइरहेको निर्माणबारे जानकारी पाए पनि आफूले कुनै कार्यादेश वा प्राविधिक स्वीकृति नदिएको बताए। 'कुन आधारमा काम भइरहेको हो भन्नेबारे मलाई जानकारी छैन,' उनले भने। यस विषयमा पुनः प्रतिक्रिया माग्दा वडाध्यक्ष यादव बोल्न चाहेनन्।

उता, सिरहा नगरपालिका–७ मा पनि आर्थिक वर्षको अन्तिम समयमा सडक आरसीसी ढलान तथा नाला निर्माणको काम तीव्र पारिएको छ। आयुष्मान निर्माण सेवाले १ करोड ३३ लाख १७ हजार ४२८ रुपैयाँ ६७ पैसामा ठेक्का पाएको उक्त योजना २०८३ असार मसान्तसम्म सम्पन्न गर्ने सम्झौता भए पनि अन्तिम समयमा निर्माण थालिएको छ।

लहान नगरपालिका–१ मा निर्माणाधीन पीसीसी सडक तथा नाला योजनामा पनि स्टिमेटअनुसार काम नभएको आरोप स्थानीयले लगाएका छन्। स्थानीय प्रेम साहले गुणस्तर कायम नगरिएको, प्राविधिक मापदण्ड पालना नभएको तथा बजेट दुरुपयोग हुन सक्ने भन्दै निष्पक्ष प्राविधिक अनुगमनको माग गरेका छन्। निर्माणस्थलमा सूचनापाटी नराख्दा शंका झन् बढाएको छ। लागत, स्रोत, निर्माण कम्पनी वा उपभोक्ता समिति, सम्झौता मिति र सम्पन्न हुने अवधि उल्लेख गरिएको बोर्ड नदेखिएकाले जनताले योजनाको आधारभूत जानकारीसमेत पाउन नसकेको गुनासो छ।

गोलबजार नगरपालिका–८ का स्थानीय युवा शिव यादव भन्छन्, 'सूचनापाटी नै नराखिएपछि कुन योजना हो, कति बजेट हो, कसले काम गरिरहेको छ भन्ने कसरी थाहा हुन्छ ? यसले सुशासनमा नै प्रश्न उठाएको छ।' भौतिक पूर्वाधार विकास कार्यालय, सिरहाका इन्जिनियर शेखरमणि सिंहले भने रातिको समयमा निर्माण कार्य गर्नु कुनै बाध्यता नभएको स्पष्ट पारे। 'सबै योजनामा राति काम नगर्न हामीले निर्देशन दिएका छौं। यदि जनप्रतिनिधि वा उपभोक्ता समितिले त्यसरी काम गरेको पाइयो भने प्राविधिक नापजाँच र गुणस्तर परीक्षणपछि मात्रै भुक्तानी प्रक्रिया अघि बढ्छ। मापदण्ड पूरा नगरेका योजनाको भुक्तानी रोकिने छ,' उनले भने।

हतारमा गरिने निर्माण कार्यको गुणस्तर प्रभावकारी नहुने अवकाश प्राप्त डिभिजनल इन्जिनियर देवनाथ महतोले बताए। उनले भने, 'हतारमा गरिने कामको क्वालिटी कन्ट्रोल गर्न समस्या हुन्छ। कुनै पनि निर्माण कार्यले निश्चित समयावधिको माग गर्छ। तर हतारमा गरिने कामले भौतिक प्रगति देखिएला तर त्यसको गुणस्तर भने प्रभावकारी हुँदैन।' उनले कर्मचारीहरूको मानसिकता नै गलत भएकोले यो अन्तिम समयमा काम हुने गरेको बताए। उनले भने, 'गर्नुपर्ने काम समयमै गर्दा भइहाल्यो नि। तर कर्मचारीहरू विभिन्न बहाना बनाएर आलटाल गरिरन्छन्। अहिले अन्तिममा आएर हतार हतार काम गरिरहेका छन्। यसले राम्रो सन्देश दिइरहेको छैन।'सिरहाका विभिन्न स्थानीय तहमा देखिएका यी घटनाले सरकार परिवर्तन भए पनि विकास निर्माण गर्ने कार्यशैली नबदलिएको सन्देश दिएका छन्। हतारमा काम, रातारात ढलान, सूचनापाटीविहीन योजना र प्रक्रियामाथि उठेका प्रश्नहरूले 'असारे विकास'को पुरानै प्रवृत्ति कायम रहेको देखिन्छ।

# सिमसार व्यक्तिका नाममा दर्ता

**यादवराज पुरी**

रौतहट, २३ असार। पर्यटकीय तथा पर्यावरणीय महत्त्व बोकेको रौतहटको चन्द्रपुर नगरपालिकामा अवस्थित सार्वजनिक मरधर सिमसार क्षेत्रको जमिन व्यक्तिका नाममा दर्ता भएको पाइएपछि राज्यको स्वामित्वमा ल्याउन गरेको पहलले गति लिन सकेको छैन। सार्वजनिक जमिन व्यक्तिका नाममा दर्ता गरिएको भन्दै नगरपालिकाले त्यसको अनुसन्धान तथा छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो 'सिआइबी' मा गरेको उजुरीउपरको कारबाही प्रक्रियाले गति लिन नसकेको हो।

पालिकाको वडा नम्बर ८ स्थित ८० बिघाभन्दा बढी क्षेत्रफलमा फैलिएको सिमसार क्षेत्रको जमिनमध्ये ५० बिघाभन्दा बढी जमिन व्यक्तिका नाममा दर्ता भएको साबिक मालपोत कार्यालय चन्द्रनिगाहपुरको जग्गाधनी प्रमाण स्रेस्तामा उल्लेख छ। २०४६ सालमा मकवानपुरको धिँयालडाँडाबाट हटाइएका सुकुमवासीलाई तत्कालीन वनक्षेत्र सुद्ढीकरण उच्चस्तरीय आयोगले रौतहटको साबिक रंगपुर गाविसस्थित कटानी भन्ने स्थानमा स्थानान्तरण गरेको थियो। सोही बखत आयोगले मरधर सिमसारको जमिन पनि व्यक्तिका नाममा दर्ता गराएको पाइएको छ।

अभिलेख अनुसार तालको जग्गाका जग्गाधनी अधिकांश एउटै परिवारका सदस्य छन्। एउटै व्यक्तिको वारेसमा जग्गा दर्ता भएको छ। ताल रहेको क्षेत्रको कित्ता नम्बर १५१ देखि १७० सम्म २० कित्तामा बाँडफाँट गरेर व्यक्तिका नाममा लालपुर्जा वितरण गरिएको छ। सात कट्ठादेखि १५ कठ्ठासम्मका जमिनको विभिन्न व्यक्तिका नाममा ११६ वटा स्रेस्ता कायम भएको छ।

भूमि व्यवस्था कार्यालय चन्द्रनिगाहपुरका प्रमुख नितेशकुमार साहले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिनको प्रक्रियामा कार्यालयलाई पत्राचार गरी व्यक्तिको नाममा दर्ता भएको उक्त जमिनको स्रेस्ता ककसको नाममा कायम छ, त्यसको सम्पूर्ण विवरण पठाइसकेको बताउनुभयो।

जैविक विविधताले भरिपूर्ण मरधर सिमसार क्षेत्रलाई नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयले आर्थिक वर्ष २०७५/७६ मा नयाँ विकास गर्नुपर्ने पर्यटकीय गन्तव्यको सूचीमा राखेर विकास योजना बनाइसकेको छ। चन्द्रपुर नगरपालिकाका प्रमुख सज्जयकुमार काफ्लेले व्यक्तिको नाममा दर्ता भएको सार्वजनिक जमिनको दर्ता खारेजी प्रक्रिया अघि बढाउन २०७९ साल मङ्सिर १९ गते साबिक मालपोत कार्यालय चन्द्रनिगाहपुर र २०८२ साल जेठ १३ गते सिआइबी र अख्तियारमा समेत छानबिनको लागि उजुरी दर्ता गराएको बताउनुभयो। उहाँका अनुसार उजुरीउपरको कारबाही प्रक्रिया सुस्त देखिएकाले पर्यटकीय तथा पर्यावरणीय महत्त्व बोकेको सिमसारको जमिन राज्यको स्वामित्वमा फिर्ता ल्याउन स्थानीयले उजुरी दिएका छन्।

वडाध्यक्ष जितेन्द्र चौधरी भन्नुहुन्छ, "वितरण गरिएको लालपुर्जामा उल्लिखित सर्तबमोजिम क्षेत्रीय बसोबास कार्यालयले व्यवस्थित गरेको स्थानमा चार महिनाभित्र घरबास बनाई परिवारका साथ बसोबास गरी आफैँ वा आफ्ना परिवारको श्रमले खेती गर्नुपर्ने छ। दुई वर्षसम्म जग्गा आवाद गर्न सकिएन भने पाएको कित्ताबाट हद्न मन्जुर हुनुपर्ने छ। हालसम्म उक्त क्षेत्रमा कोही पनि बसोबास गर्न आएका छैनन्।" पालिकाले बर्सेनि उक्त तालमा माछापालनको ठेक्का लगाउने गरेको छ। सिमसार क्षेत्रको विकासका लागि राज्यका विभिन्न निकायले पटक पटक गरेर करोडौँ रकम लगानी गरिसकेको छ।

# अवैध सालको काठसहित ट्याक्टर नियन्त्रणमा, चालक फरार

**रवीन्द्र उप्रेती**

बर्दीबास, २३ असार। महोत्तरी प्रहरीले अवैध सालको काठसहित वन तस्करीमा प्रयोग भएको एउटा ट्याक्टर नियन्त्रणमा लिएको छ। जिल्लाको गौशाला नगरपालिका–११ स्थित ढोलन खोला क्षेत्रबाट प्रहरीले काठ लोड गरिएको ज १ त २५२६ नम्बरको ट्याक्टर नियन्त्रणमा लिएको हो। ढोलन खोला तथा आसपासका जंगली क्षेत्रमा काठ तस्करीको गतिविधि बढेको सूचनाका आधारमा प्रहरी चौकी कान्तिबजारबाट मंगलबार बिहान गस्ती टोली परिचालन गरिएको थियो। प्रहरी टोलीलाई टाढैबाट देखेपछि ट्याक्टर चालक सवारीसाधन छाडेर फरार भएका थिए।

चालक फरार भए पनि प्रहरीले काठसहितको ट्याक्टर नियन्त्रणमा लिन सफल भएको जनाएको छ। नियन्त्रणमा लिइएको ट्याक्टरबाट २५.२८ क्युफिट बराबरका ११ थान सालका काठ बरामद गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ( डीएसपी) पञ्चलाल गोलेका अनुसार बरामद काठ र ट्याक्टरलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि लक्ष्मिनियास्थित सब–डिभिजन वन कार्यालयमा बुझाइएको छ।बरामद काठ वन क्षेत्रको कुन स्थानबाट चोरी गरी कहाँ लैजान खोजिएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले फरार चालकको खोजी तीव्र बनाएको र घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी गोलेले जानकारी दिनुभयो।

# लालबन्दीका होटलमा गृहमन्त्री महतोको आकस्मिक अनुगमन



जनकपुरधाम, २३ असार। मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले मंगलबार सर्लाहीको लालबन्दीस्थित होटेलहरूमा आकस्मिक अनुगमन गरेका छन्। गृहजिल्ला समेत रहेको सर्लाहीमा मन्त्री महतोले लालबन्दी बजारका होटलहरूको भान्सामै प्रवेश गरेर अनुगमन सुरु गरेका हुन्। अनुगमन साँझसम्म निरन्तर सञ्चालन गरिएको थियो।

अनुगमनका क्रममा अधिकांश होटलहरूले सेवाग्राहीलाई गुणस्तरहीन खाना खुवाउने गरेको तथा खाना पकाउने भान्सामा सरसफाइप्रति पर्याप्त ध्यान नदिएको पाइएको मन्त्री महतोले बताए। उनका अनुसार केही होटलमा खाद्य सामग्रीको व्यवस्थापन र सरसफाइको अवस्था सन्तोषजनक नरहेको भेटिएको छ।

बजारमा मन्त्री स्वयं उपस्थित भएर अनुगमन गरेपछि स्थानीयवासीले यसको स्वागत गरेका छन्। यद्यपि, केहीले नियमित अनुगमन र प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्।

शासापुर-२ का अशोक झाले अनुगमनलाई 'नौटंकी' को संज्ञा दिँदै भने,'अनुगमन गर्नु राम्रो कुरा हो, तर यसको कार्यान्वयन कति हुन्छ भन्ने मुख्य विषय हो। समय–समयमा अनुगमनसँगै प्रभावकारी कार्यान्वयन पनि हुनुपर्छ।' त्यस्तै, लालबन्दी–२ का सुनिल पोखरेलले उपभोक्ताको स्वास्थ्यसँग खेलबाड गर्न नहुने बताउँदै होटलहरूले सरसफाइमा ध्यान नदिएको र बेला–बेलामा बासी खाना समेत बिक्री हुने गरेको गुनासो गरे। उनले मन्त्री महतोको पहलको प्रशंसा गर्दै स्थानीय सरकारले समेत यस्ता अनुगमनलाई निरन्तरता दिई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताए।

मन्त्री महतोले सर्लाहीमा मात्र नभई मधेस प्रदेशभरिका होटल तथा खाद्य व्यवसायमा अनुगमन अभियान सञ्चालन गरिने जानकारी दिए। साथै, यस समाचारमार्फत प्रदेशभरिका होटल व्यवसायीलाई खाद्य गुणस्तर, सरसफाइ र उपभोक्ताको स्वास्थ्यप्रति जिम्मेवार बन्न सचेतसमेत गराएका छन्।

# जनकपुरका निजी अस्पतालमा श्रम कार्यालयको अनुगमन तीव्र

जनकपुरधाम, २३ असार। श्रम तथा रोजगार कार्यालय जनकपुरधामले श्रमसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनको अवस्था बुझ्न निजी व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था तथा अस्पतालहरूमा अनुगमनलाई तीव्र बनाएको छ। कार्यालयले पछिल्लो समय जनकपुरधामस्थित निजी अस्पतालहरूमा विशेष निगरानी थालेको छ। सोही क्रममा मंगलबार जनकपुरधाम-१ स्टेसन एरिया स्थित धनुषा अस्पतालमा अनुगमन गरिएको हो।

श्रम तथा रोजगार कार्यालयका निमित्त प्रमुख रञ्जित यादवका अनुसार अनुगमनका क्रममा कर्मचारीहरूले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पाए–नपाएको, रोजगार सम्झौता गरिएको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धता तथा श्रम ऐनको पालना भए–नभएको विषयमा व्यवस्थापन पक्ष र कर्मचारीसँग छलफल गरिएको छ।

उनले अनुगमनका क्रममा देखिएका कमजोरीबारे सम्बन्धित प्रतिष्ठानलाई आवश्यक सचेत गराउँदै सुधारका लागि निर्देशन दिइने र अटेर गरे कानुनी कारबाहीका लागि सिफारिस गर्ने प्रक्रिया अपनाइने बताए। यादवका अनुसार हालसम्म गरिएको अनुगमनबाट धेरै निजी प्रतिष्ठानमा कार्यरत कर्मचारीले सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाएको तथा सामाजिक सुरक्षा कोषबारे पर्याप्त जानकारी नरहेको अवस्था भेटिएको छ।

कार्यालयका अनुसार अनुगमनलाई केवल निगरानीका रूपमा मात्र नभई श्रमिक र रोजगारदातामा श्रम अधिकार तथा कानुनी दायित्वबारे सचेतना फैलाउने अभियानका रूपमा समेत सञ्चालन गरिएको छ। श्रम तथा रोजगार कार्यालयले आगामी दिनमा अनुगमनलाई अझ प्रभावकारी बनाउँदै सदरमुकाममा मात्र सीमित नराखी धनुषा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरी जिल्लाका निजी प्रतिष्ठानहरूमा समेत निरन्तर सञ्चालन गर्ने जनाएको छ।

# मधेस प्रदेशसभा परिसरमा पुस्तकालय सञ्चालन

जनकपुरधाम, २३ असार। संसद्भित्र अध्ययन, अनुसन्धान र बौद्धिक संस्कृतिको विकास हुनु लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्वपूर्ण आधार मानिन्छ। यही सोचलाई व्यवहारमा उतार्ने प्रयासस्वरूप मधेस प्रदेशसभा परिसरमा स्थापना गरिएको पुस्तकालयलाई प्रदेशको संसदीय इतिहासमा दूरगामी र स्वागतयोग्य उपलब्धिका रूपमा हेरिएको छ।

पुस्तकालय केवल पुस्तक राख्ने कोठा मात्र नभएर विचारको संगम, अनुभवको भण्डार र भविष्यका निर्णयलाई दिशा दिने ज्ञानको केन्द्र हो। प्रदेशसभामा प्रस्तुत हुने विधेयक, बजेट, सार्वजनिक नीति, विकास योजना तथा जनसरोकारका विषयमा सांसदहरूले गहन अध्ययन गरी धारणा निर्माण गर्नुपर्ने आवश्यकता महसुस गर्दै प्रदेशसभा सचिवालय परिसरमा यो पुस्तकालय सञ्चालनमा ल्याइएको हो। यसले सांसद, कर्मचारी, कानुन व्यवसायी, अनुसन्धानकर्ता, सञ्चारकर्मी तथा विद्यार्थीलाई एउटै थलोबाट आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने विश्वास गरिएको छ।

असार ४ गतेदेखि सञ्चालनमा आएको यस पुस्तकालयमा नेपालको संविधान, संघीय तथा प्रदेश कानुन, संसदीय कार्य सञ्चालनसम्बन्धी दस्तावेज, सार्वजनिक नीति, अर्थतन्त्र, संघीयता, राजनीतिक इतिहास, समाजशास्त्र, कृषि, शिक्षा, स्वास्थ्य, महिला तथा बालअधिकार, वातावरण, स्थानीय शासन, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतान्त्रिक अभ्याससँग सम्बन्धित पुस्तकहरू समावेश गरिएका छन्। साथै प्रदेशसभाका बैठकका कार्यवृत्त, समिति प्रतिवेदन, विधेयक, वार्षिक प्रतिवेदन तथा अन्य महत्त्वपूर्ण अभिलेखलाई क्रमशः व्यवस्थित रूपमा संकलन गर्ने योजना बनाइएको प्रदेशसभा सचिवालयका सचिव वासुप्रसाद कोइरालाले बताए।

यसले प्रदेशसभाको संस्थागत स्मृतिलाई सुरक्षित राख्न पनि महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ। कोइरालाका अनुसार यो पुस्तकालयको उपयोगिता सांसदसम्म मात्र सीमित रहने छैन। प्रदेशसभा सचिवालयका कर्मचारी, विश्वविद्यालयका विद्यार्थी, नीति विश्लेषक, अनुसन्धानकर्ता तथा सञ्चारकर्मीका लागि पनि यो महत्वपूर्ण अध्ययन केन्द्र बन्ने अपेक्षा गरिएको छ। विशेषतः तथ्यमा आधारित समाचार, अनुसन्धान तथा विश्लेषणात्मक सामग्री तयार गर्न पुस्तकालय प्रभावकारी स्रोत बन्न सक्ने कोइरालाले जानकारी दिए।

कुनै पनि विधेयक पारित गर्नुअघि त्यसको सामाजिक, आर्थिक, कानुनी तथा प्रशासनिक प्रभावको गम्भीर अध्ययन आवश्यक हुन्छ। विकसित लोकतान्त्रिक मुलुकहरूमा सांसदहरूले पुस्तकालय र अनुसन्धान केन्द्रबाट प्राप्त तथ्य, प्रतिवेदन तथा अन्तर्राष्ट्रिय अभ्यासको अध्ययनपछि मात्रै संसदमा धारणा प्रस्तुत गर्ने परम्परा स्थापित भएको छ। त्यही अभ्यासलाई मधेस प्रदेशसभामा पनि संस्थागत गर्ने दिशामा पुस्तकालय एउटा बलियो आधार बन्ने मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवको भनाइ छ। पुस्तकालयमा हाल ५०० भन्दा बढी पुस्तक उपलब्ध रहेको जानकारी दिँदै उनले निकट भविष्यमा ई–लाइब्रेरी सञ्चालनमा ल्याइने बताए। पुस्तकालय स्थापनाले प्रदेशसभाको संस्थागत क्षमता अभिवृद्धि हुनुका साथै अध्ययनशील, उत्तरदायी र दूरदर्शी संसदीय अभ्यासलाई थप मजबुत बनाउने उनको विश्वास छ।

# कमला नहरबाट २५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा

**विजयकुमार साह**

ढल्केबर, २३ असार। मधेस प्रदेशका अधिकांश स्थानका किसान धान रोप्न वर्षाको प्रतीक्षा गरिरहेका बेला धनुषा र सिरहामा कमला नहरबाट सिँचाइ सुविधा पुगेको क्षेत्रका किसान भने धमाधम धान रोपाइँमा जुटेका छन्। धनुषाको पोर्ताहामा रहेको कमला सिँचाइ व्यवस्थापन कार्यालयले कमला सिँचाइ नहरमा पानी प्रवाह गरेपछि त्यस क्षेत्रका किसान धान रोपाइँमा जुटेका हुन्।

कमला सिँचाइ व्यवस्थापन कार्यालयले असार १३ गतेदेखि नै धनुषातर्फको पश्चिमी नहर र सिरहातर्फको पूर्वी नहरमा सिँचाइका लागि पानी प्रवाह गर्दै आएको छ। कमला सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख रणधीरकुमार साहले विगतमा प्रत्येक वर्ष साउन १ गतेदेखि मात्र नहर सञ्चालन गर्ने गरिएको भए पनि किसानको आवश्यकतालाई ध्यानमा राख्दै समयअगावै नहरमा पानी प्रवाह गरिएको बताउनुभयो।

उहाँका अनुसार धनुषाको पश्चिमी नहरबाट १२ हजार पाँच सय हेक्टर र सिरहाको पूर्वी नहरबाट १२ हजार पाँच सय हेक्टर गरी २५ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। पछिल्ला वर्षमा साना पैनी र सहायक नहरको विस्तारपछि अहिले करिब ३० हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको उहाँले जानकारी दिनुभयो।

धनुषातर्फ पश्चिमी नहर प्रणालीमार्फत गणेशमान चारनाथ, सबैला, सहिदनगर, विदेह, कमला, हँसपुर, औरही र जनकनन्दनी गरी आठ स्थानीय तहमा सिँचाइ सुविधा पुगेको छ। यस्तै सिरहातर्फ पूर्वी



नहर प्रणालीमार्फत कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र औरही गरी आठ स्थानीय तहमा सिँचाइ सुविधा उपलब्ध रहेको छ। आयोजनाअन्तर्गत दुवै जिल्लामा मुख्य तथा सहायक नहर गरी पाँच सय किलोमिटरमा नहर सञ्जाल विस्तार रहेको कार्यालय प्रमुख साहको भनाइ छ।

कार्यालय प्रमुख साहले दुवै मुख्य नहरमा समान रूपमा प्रतिसेकेन्ड१४ हजार लिटरका दरले पानी प्रवाह भइरहेको बताउनुभयो। उहाँले यसका साथै यसै कार्यालयमातहत रहेको हर्दिनाथ सिँचाइ योजनाबाट दुई हजार हेक्टर क्षेत्रफलमा सिँचाइ पुगेको जानकारी दिनुभयो। उहाँले सिँचाइ व्यवस्थापनलाई प्रभावकारी बनाउन किसानको सहभागितामा थुप्रै स्थानमा जल उपभोक्ता समितिसमेत गठन गरिएको बताउनुभयो।

नेपालका ठूला सिँचाइ आयोजनामध्ये एक मानिने कमला सिँचाइ आयोजनाको शिलान्यास वि.सं. २०१७ कात्तिक २६ गते तत्कालीन सिँचाइमन्त्री गणेशमान सिंहले गर्नुभएको थियो। आयोजनाले वि.सं. २०४० देखि नियमित रूपमा सिँचाइ सेवा प्रदान गर्न थालेको हो। धनुषाको गणेशमान चारनाथ नगरपालिका–९, बरमझियाका किसान रामपुकार यादवले कमला नहर प्रणालीमार्फत सिँचाइ सुविधा पुगेको क्षेत्रमा धमाधम धान रोपाइँ भइरहेको बताउनुभयो। उहाँले नहरमा पानी प्रवाह भएपछि धानखेतीका लागि समस्या नहुने जानकारी दिनुभयो।

किसान यादवले अघिल्लो वर्षजस्तै यस वर्ष पनि पर्याप्त वर्षा नभए पनि खेतसम्म सिँचाइ सुविधा पुगेकाले धान रोप्न थालेको सुनाउनुभयो। उहाँका अनुसार कमला नहर पुगेका क्षेत्रमा किसानले धमाधम रोपाइँ गरिरहेका छन्। नहर नपुगेका स्थानमा भने डिप ट्युबवेल, इनारमा विद्युतीय मोटरको सहयोगमा सिँचाइ गरेर रोपाइँ भइरहेको छ। सिँचाइको कुनै व्यवस्था नभएका किसान भने अझै आकाशे पानीको प्रतीक्षामा छन्।

सोही क्षेत्रका किसान बलि शर्मीले विगतका वर्षमा नहरमा ढिलो पानी आउने गरे पनि यस पटक समयमै पानी प्रवाह भएकाले धान रोप्न सहज भएको बताउनुभयो। उहाँले नहर आसपासका अधिकांश खेतमा अहिले सिँचाइको समस्या नरहेको जानकारी दिनुभयो। कृषि विकास निर्देशनालय मधेस प्रदेशले सार्वजनिक गरेको तथ्यांक अनुसार असार १९ गतेसम्म धनुषामा ४३ हजार सात सय हेक्टर धान खेतीयोग्य जमिनमध्ये छ हजार पाँच सय ५५ हेक्टर अर्थात् १५ प्रतिशत क्षेत्रफलमा मात्र धान रोपाइँ भएको छ।

त्यस्तै समग्र प्रदेशका आठवटै जिल्लामा तीन लाख ८५ हजार ९३३ हेक्टर धान खेतीयोग्य क्षेत्रमध्ये ५९ हजार ८९५ दशमलव ०६ हेक्टरमा धान रोपाइँ भएको छ। कुल धान खेतीयोग्य जमिनमध्ये१४ दशमलव ७३ प्रतिशत क्षेत्रफलमा रोपाइँ भएको हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८४२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)